## पाँचखाल नगरपालिकाको आ. व. २०७९/८० को बजेट बक्तब्य

आदरणीय नगरसभाका अध्यक्ष तथा नगरसभाका सदस्यज्यूहरु,
यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि ज्यानको आहुति दिने ज्ञात अज्ञात सहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनमा घाईते, अपाङ्ग तथा बेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्न चाहान्छु । लोकतन्त्र, गणतन्त्र र संघीयता प्राप्तीको अभियानमा नेतृत्व गर्ने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले पुऱ्याउनुभएको योगदानप्रति आभार व्यक्त गर्दछु ।

संघ प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, बार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था भए अनुसार पाँचखाल नगरपालिकाको आगामी आर्थिक बर्ष २०७९/०८० को बजेट प्रस्तुत गर्न यस गरिमामय सभामा उभिएको छु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना सँगै स्थानीय तहका सार्वभौम जनताले अनुमोदन गरी पठाएका जनप्रनिनिधिका हैसियतले सम्मानित नगरसभा समक्ष आर्थिक बर्ष ०७९।०८० को कार्यपालिकाबाट संशोधन सहित स्वीकृत आय व्ययको विवरण प्रस्तुत गर्दछु ।

नगरसभाका अध्यक्ष एवं सदस्यज्यूहरु
अब म आ.व. ०७९/०८० को लागि अनुमानित आय व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक बर्ष ०७९/८० मा केन्द्र, प्रदेश सरकार एवं पाँचखाल नगरपालिकाको कुल १,२९,९६,७६,०००/- (अक्षरुपी १ अर्ब २९ करोड ९६

लाख ७६ हजार) व्यय हुने अनुमान गरेको छु। जसमध्ये चालु (प्रशासनिक) खर्च १४ (चौध) करोड र पुंजीगत तथा कार्यक्रम खर्च १,१५,९६,७६,००० (एक अर्ब पन्ध्र करोड छयानब्बे लाख छयहत्तर हजार) रुपैंया विनियोजन गरेको छु।

| बजेटको खर्च अनुमान | |
|---|---|
| प्रशासनिक/चालु | १४,००,००,००० |
| आ.व. ७८/७९ को दायित्व, टेन्डर मात्र | १८,८०,००,००० |
| आ.व. ७८/७९ को दायित्व, उपभोक्ता समिति र अन्य | ९०,००,००० |
| विपद् व्यवस्थापन कोष | ५०,००,००० |
| नगरस्तरीय आकस्मिक योजना | २,००,००,००० |
| प्रदेश समपुरक योजना | ३,००,००,००० |
| अन्य समपुरक म्याचिङ फण्ड | ५,००,००,००० |
| संघीय/अन्य समपुरक योजना | २,००,००,००० |
| कोरोना/संक्रामक रोगको रोकथाम नियन्त्रण कार्य | ५०,००,००० |
| नगरस्तरीय योजना तथा कार्यक्रम | १८,४८,७९,००० |
| वडास्तरीय योजना तथा कार्यक्रम | ३,९०,००,००० |
| विषयगत/क्षेत्रगत /शखागत कार्यक्रम | ७,५०,००,००० |
| **जम्मा खर्च** | ७६५८७९००० |
| जम्मा पुँजीगत खर्च/ कार्यक्रम खर्च | ८०,२८,७९,००० |
| प्रशासनिक/चालु | १४,००,००,००० |

| | |
|---|---|
| शशर्त योजना/कार्यक्रम/विशेष/समपुरक/सडक बोर्ड | ३५,६७,९७,००० |
| कूल जम्मा व्यय | १,२९,९६,७६,००० |

| बजेटको स्रोत अनुमान | |
|---|---|
| नेपाल सरकार शसर्त अनुदान | २७,०५,००,००० |
| नेपाल सरकार विशेष अनुदान पुँजीगत | ६०,००,००० |
| नेपाल सरकार समपुरक अनुदान पुँजीगत | २,००,००,००० |
| प्रदेश सरकार शसर्त अनुदान | २,२८,३८,००० |
| प्रदेश सरकार समपुरक अनुदान | २,९९,५९,००० |
| प्रदेश सरकार विशेष अनुदान | ७५,००,००० |
| सडक बोर्ड | ७०,००,००० |
| सामाजिक सुरक्षा | १७,००,००,००० |
| **बाँडफाँड नहुने (जम्मा)** | ५३,३७,९७,००० |
| नेपाल सरकार राजश्व बाँडफाँड | १०,२४,००,००० |
| नेपाल सरकार समानीकरण अनुदान | १४,२०,००,००० |
| प्रदेश सरकार सामानीकरण अनुदान | १,३४,८४,००० |
| प्रदेश सरकार राजश्व बाँडफाँड | ९,२९,९५,००० |
| अल्या समेत | १,५०,००,००० |
| आन्तरिक स्रोत | ५,००,००,००० |
| विविध स्रोत | ३५,००,००,००० |
| बाँडफाँड योग्य (जम्मा) | ७६,५८,७९,००० |
| कुल बजेट | १,२९,९६,७६,००० |



Mahl

अन्तमा,

नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा क्रममा सहभागितामुलक योजना तर्जुमा प्रकृयाका सबै चरणहरुमा सहभागी हुनुहुने सबैप्रति धन्यवाद व्यक्त गर्दछु । साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि संबद्ध सबै पक्षबाट गत बर्ष झैं निरन्तर सल्लाह सुझाव, सहयोगको अपेक्षा गर्दै बार्षिक योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुऱ्याउनुहुने सबै पदाधिकारी, विषयगत निकाय, नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद दिन चाहान्छु । साथै गरिमामय सभामा उपस्थित सबै महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै पाँचखाल नगर कृषि शहर को अनुभूति सबै क्षेत्रबाट हुने आशाका साथ पाँचखाल नगरपालिकाको एघारौं नगरसभामा पेश गरेको यस बजेट तथा कार्यक्रमको प्रस्तुती यहीं अन्त्य गर्दछु ।
अन्तमा वार्षिक कार्यक्रमको विस्तृत विवरण सहितको पुस्तक वितरण गरिनेछ ।

धन्यवाद ।

सुर्यमाया दनुवार

उपप्रमुख

२०७८ असार २९ गते